# स्थानीय राजपत्र

**मेचीनगर नगरपालिकाद्वारा प्रकाशित**

---

| | | |
|---|---|---|
| खण्ड | मेचीनगर, झापा, कोशी प्रदेश, नेपाल | ३२ असार २०८३ |

---

## भाग-२

**मेचीनगर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**इटाभट्टा, झापा, कोशी प्रदेश नेपाल**

**मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना**

मेचीनगर नगरपालिका, नगरकार्यपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

मेचीनगर नगरपालिकाको विनियोजन ऐन, २०८३

# मेचीनगर नगरपालिकाको बिनियोजन ऐन, २०८३

**प्रस्तावना:**

मेचीनगर नगरपालिकाको आ.व. २०८३/०८४ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बान्छनीय भएकोले नेपालको संबिधान धारा २२९ को उपधारा (२) अमोजिम मेचीनगर नगरपालिकाको नगरसभाबाट मेचीनगर नगरपालिकाको बिनियोजन ऐन, २०८३ स्वीकृत गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क. यसको नाम मेचीनगर नगरपालिका विनियोजन ऐन, २०८३ रहेको छ।

ख. यो ऐन नगरसभाबाट स्वीकृत भएपछि २०८३ श्रावण १ गतेबाट लागु हुनेछ।

**२. परिभाषा:**

क. "नगर सभा" भन्नाले मेचीनगर नगरपालिकाको नगर सभा भन्ने सम्झनु पर्दछ।

ख. "कार्यपालिका" भन्नाले मेचीनगर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. "वडा कार्यालय" भन्नाले मेचीनगर नगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ।

घ. "बिषयगत शाखा" भन्नाले मेचीनगर नगरपालिका अन्तर्गत शाखा, उपशाखा, इकाई, सेवा केन्द्र तथा अन्य प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ।

ङ. "संचित कोष" भन्नाले मेचीनगर नगरपालिकाको संचित कोषलाई सम्झनु पर्दछ।

**३. संचित कोषबाट रकम खर्च गर्ने अधिकार:**

आर्थिक वर्ष २०८३/०८४ को मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, बिषयगत शाखा, उपशाखा, सेवा केन्द्र र इकाइले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची-१ मा उल्लेख भइ चालु खर्च, पुँजीगत खर्च, वित्तीय ब्यबस्था र मौज्दाद रकम सहित रु १७२५१३१५०५.९० (अक्षरेपी एक अरव बहत्तर करोड पच्चीस लाख तेह हजार पाँच सय पाँच रुपैया नब्बे पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

**४. बिनियोजन:**

यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८३/०८४ को मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र बिषयगत शाखा, उपशाखा, सेवा केन्द्र र इकाईले गर्ने सेवा र कार्यहरुको लागि स्वीकृत खर्च शीर्षकमा रकम बिनियोजन गरी खर्च गरिनेछ।

**५. रकमान्तर**

क. नगर कार्यपालिकाले आवश्यक भएमा एक खर्च शिर्षकको रकम अर्को खर्च शीर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक खर्च शीर्षकबाट सो खर्च शीर्षकमा बिनियोजन भएको कुल रकमको २५ प्रतिशत भन्दा बढी हुनेछैन।

ख. २५% भन्दा बढी रकम रकमान्तर गर्नुपर्ने अवस्था भएमा नगर सभाको स्वीकृति लिनुपर्नेछ|

ग. पुँजीगत खर्चबाट चालु खर्चमा कुनैपनि रकम रकमान्तर गर्न पाइने छैन|

घ. वित्तीय व्यबस्थाको रकम रकमान्तर गर्न पाइने छैन|

मेचीनगर नगरपालिका बिनियोजन ऐन, २०८३

## ६. श्रोतान्तर

कुनै खर्च शीर्षकका लागि स्वीकृत भएको स्रोत अनुसारको रकम स्रोतान्तर गर्नुपर्ने भएमा विनियोजित रकमको २५ प्रतिशतसम्म कार्यपालिकाले श्रोतान्तर गर्न सक्ने र सो भन्दा बढी रकम श्रोतान्तर गर्नुपरेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ।

### अनुसूची-१

दफा ३ संग सम्बन्धित संचित कोषबाट विनियोजित रकम

| क्र.स. | शिर्षक | चालु खर्च | पुँजीगत खर्च | वित्तीय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | नगर स्तरीय | ३०२८५००००.०० | ३४१८०००००.०० | | ६४४६५००००.०० |
| २ | वडा स्तरीय | ७५०००००.०० | १४२५०००००.०० | | १५००००००.०० |
| ३ | संघबाट वित्तीय हस्तान्तरण मार्फत बिषयगत सशर्त अनुदान | ५१६३०००००.०० | ७७८०००००.०० | | ५९४१०००००.०० |
| ४ | सङ्घीय सरकार विशेष अनुदान | | ७९०००००.०० | | ७९०००००.०० |
| ५ | प्रदेशबाट वित्तीय हस्तान्तरण मार्फत बिषयगत सशर्त अनुदान | ११०७७०००.०० | ४७४०००००.०० | | ५८४७७०००.०० |
| ६ | ऋणको सावा ब्याज भुक्तानी | | | २५०००००.०० | २५०००००.०० |
| ७ | समपुरक कोष | | ३८५०००००.०० | | ३८५०००००.०० |
| | जम्मा | ८३७७२७०००.०० | ६५५९०००००.०० | २५०००००.०० | १४९६१२७०००.०० |
| अल्या रकम | | | २२३००४५०५.९० | | २२३००४५०५.९० |
| भुक्तानी दायित्व | | | | ६०००००.०० | ६०००००.०० |
| कुल जम्मा | | ८३७७२७०००.०० | ८७८९०४५०५.९० | ८५०००००.०० | १७२५१३१५०५.९० |
| कुल प्रतिशत | | ४८.५६ | ५०.९५ | ०.४९ | १००.०० |

आज्ञाले
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मेचीनगर नगरपालिकाको विनियोजन ऐन, २०८२